पुस्तकालय र ICT ल्याब स्थापना भएको छ।कालिका माध्यामिक विद्यालयमा पढ्दै कमाउदै कार्यक्रम सफलतापूर्वक सञ्चालनमा रहेको व्यहोरा अवगत गराउँदछु।

५. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई कार्यक्रम हालैमात्र सम्पन्न भएको छ । साथै अनुगमन र निरीक्षण कार्यलाई तिव्रता दिइएको छ ।

६. कृषि कार्यक्रम अन्तर्गत कृषि चुन, दाँते ओखरको विरुवा, ७ एच पीको मिनिटिलर, इलेक्ट्रिक पम्प, प्राङगारिक मल, उन्नत जातको तरकारीको विउ वितरण जस्ता कार्य सम्पन्न गरियो । भने पशु कार्यक्रम अन्तर्गत लम्पीस्कीन विरुद्धको खोप, नि:शुल्क औषधि वितरण, रेबीज विरुद्धको खोप नि:शुल्क लगाएको छ । साथै वाखा पालन पकेट अनुदान कार्यक्रम, कृतिम गर्भाधारण कार्यक्रम सम्पन्न गरिएको छ ।

७. स्थानीय सरकारलाई प्राप्त भएको अपागंता भएका व्यक्तिहरुको परिचयपत्र वितरण गर्ने कार्य सेवाग्राहीको घर घरमा गई सञ्चालन गरिएको छ।विपद् प्रभावितहरुलाई आर्थिक राहत सहयोग स्वरुप उपलब्ध गराइएको छ।गरिवी निवारण तथा उद्यम विकास कार्यक्रम अन्तर्गत सीप विकास तालिम सञ्चालन गरी व्यवशाय सञ्चालन गर्नका लागि सक्षम भएका छन्।प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अध्यक्ष रोजगार कार्यक्रमसँग आबद्ध गरि यस वर्षमा ७ वटा योजना सम्पन्न भइसकेका छन भने यस कार्यक्रम अन्तर्गत ८३ जना गाउँवासीले रोजगार प्राप्त गरेका छन्।

८. सामाजिक सुरक्षाको दायरामा मापदण्ड पुगेका सबै स्थानीय बासिन्दाहरुलाई ल्याइएको छ । जेष्ठ नागरिकहरुलाई मर्यादित र सम्मानपूर्वक जीवनयापन गर्नका निम्ति न्यानो कपडा वितरण तथा स्वास्थ्य परीक्षण कार्यक्रम प्रभावकारी ढङ्गबाट सम्पन्न गरिएको छ ।वडा नम्बर ४ मा स्तुपा अस्पतालसँगको सहकार्यमा नि:शुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण कार्यक्रम सञ्चालन गरिएको छ ।

९. त्यस्तै प्रजनन रुग्णता उपचारका लागि प्रत्येक स्वास्थ्य चौकीमा स्वास्थ्य शिविर सम्पन्न गरिएको छ ।ग्रामीण आँखा केन्द्र सञ्चालनमा ल्याई गाउँपालिकाले नै आँखा उपचारको प्रबन्ध मिलाएको छ । एक दिने निशुल्क आँखा शिविरबाट २८५ जनाले आँखा परीक्षण गराएकोमा १४ जनाको हेटौंडा आँखा अस्पतालमा पालिकाले नै व्यवस्था गरि नि:शुल्क आँखाको मोतिबिन्दुको शल्यक्रिया गराइएको छ ।

